आज मिति २०८२/०९/२५ गते शुक्रबारका दिन जनकपुरधाम उपमहानगरपालिकाको १४औं नगर सभामा सभाअध्यक्ष श्री मनोज कुमार साहज्युको अध्यक्षतामा देहाय बमोजिमको नगर सभा सदस्यहरुको उपस्थिति रहयो ।

## उपस्थिती

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह, नगर प्रमुख | सभाध्यक्ष | |
| २ | श्री किशोरी साह, उप-प्रमुख | सभा सदस्य | |
| ३ | श्री दिप नरायण यादव, वडा अध्यक्ष | सभा सदस्य | |
| ४ | श्री शिव कुमार साह, वडा अध्यक्ष | सभा सदस्य | |
| ५ | श्री दिपेन्द्र साह, वडा अध्यक्ष | सभा सदस्य | |
| ६ | श्री सुरेस झा वडा अध्यक्ष | सभा सदस्य | |
| ७ | श्री वेचन साहु हलुवाई, वडा अध्यक्ष | सभा सदस्य | |
| ८ | श्री दिनेस प्रसाद साह, वडा अध्यक्ष | सभा सदस्य | |
| ९ | श्री निरज कुमार साह (मुन्ना), वडा अध्यक्ष | सभा सदस्य | |
| १० | श्री दिनेश कुमार सिंह, वडा अध्यक्ष | सभा सदस्य | |
| ११ | श्री प्रमेश्वर साह, वडा अध्यक्ष | सभा सदस्य | |
| १२ | श्री मिथलेश कुमार कर्ण, वडा अध्यक्ष | सभा सदस्य | |
| १३ | श्री अर्जुन कुमार चौधरी, वडा अध्यक्ष | सभा सदस्य | |
| १४ | श्री महेन्द्र साह,वडा अध्यक्ष | सभा सदस्य | |
| १५ | श्री जित बहादुर राउत,वडा अध्यक्ष | सभा सदस्य | |
| १६ | श्री पुण्य प्रताप यादव,वडा अध्यक्ष | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | श्री सन्तोष कुमार साह,वडा अध्यक्ष | सभा सदस्य | |
| १८ | श्री रामचन्द्र पंजियार,वडा अध्यक्ष | सभा सदस्य | |
| १९ | श्री रामबृक्ष यादव,वडा अध्यक्ष | सभा सदस्य | |
| २० | श्री लक्ष्मेश्वर मण्डल,वडा अध्यक्ष | सभा सदस्य | |
| २१ | श्री बिनोद कुमार साह,वडा अध्यक्ष | सभा सदस्य | |
| २२ | श्री मोति राइन,वडा अध्यक्ष | सभा सदस्य | |
| २३ | श्री राजनारायण साह,वडा अध्यक्ष | सभा सदस्य | |
| २४ | श्री बिमलेश मिश्र,वडा अध्यक्ष | सभा सदस्य | |
| २५ | श्री राघबेन्द्र प्रसाद साह,वडा अध्यक्ष | सभा सदस्य | |
| २६ | श्री शेषनाथ मंडल, का.वा.वडा अध्यक्ष | सभा सदस्य | |
| २७ | श्री चन्देश्वर साह,वडा अध्यक्ष | सभा सदस्य | |
| २८ | श्रीमती शैल कुमारी चौधरी, कार्यपालिका सदस्य | सभा सदस्य | |
| २९ | श्रीमती शारदा पन्त, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३० | श्रीमती मनिषा देवी, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३५ | श्री सन्तोष महतो, कार्यपालिका सदस्य | सभा सदस्य | |
| ३६ | श्री सतिया देवी सादा मुसहर, वडा सदस्य | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ३७ | श्री विजय कुमार साह, वडा सदस्य | सभा सदस्य | |
| ३८ | श्री मनोज कुमार पुर्वे, वडा सदस्य | सभा सदस्य | |
| ३९ | श्री सिता देवी साह, वडा सदस्य | सभा सदस्य | |
| ४० | श्री धनेश्वरी देवी मुखिया, वडा सदस्य | सभा सदस्य | |
| ४१ | श्री अमित कुमार साह, वडा सदस्य | सभा सदस्य | |
| ४२ | श्री महेश खत्वे, वडा सदस्य | सभा सदस्य | |
| ४३ | श्री मधु कुमारी, वडा सदस्य | सभा सदस्य | |
| ४४ | श्रीसोनावती देवी, वडा सदस्य | सभा सदस्य | |
| ४५ | श्री रितेश भगत, वडा सदस्य | सभा सदस्य | |
| ४६ | श्री गणेश ठाकुर लोहार, वडा सदस्य | सभा सदस्य | |
| ४७ | श्री संगिता देवी ठाकुर, वडा सदस्य | सभा सदस्य | |
| ४८ | श्री रामपरी देवी चमार, वडा सदस्य | सभा सदस्य | |
| ४९ | श्री प्रशन कु.झा, वडा सदस्य | सभा सदस्य | |
| ५० | श्री महेश कुमार साह, वडा सदस्य | सभा सदस्य | |
| ५१ | श्री रिपु कुमारी, वडा सदस्य | सभा सदस्य | |
| ५२ | श्री रंजित कुमार भगत, वडा सदस्य | सभा सदस्य | |
| ५३ | श्री समद अंसारी, वडा सदस्य | सभा सदस्य | |
| ५४ | श्री मंजु देवी अग्रवाल, वडा सदस्य | सभा सदस्य | |
| ५५ | श्री गंगा मेस्तनी, वडा सदस्य | सभा सदस्य | |
| ५६ | श्री राम कुमार मंडल, वडा सदस्य | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ५७ | श्री संतोष कुमार साह, वडा सदस्य | सभा सदस्य | |
| ५८ | श्री राम कली देवी सादा मुसहर, वडा सदस्य | सभा सदस्य | |
| ५९ | श्री परशुराम झा, वडा सदस्य | सभा सदस्य | |
| ६० | मो.हिजरत अली कबारी , वडा सदस्य | सभा सदस्य | |
| ६१ | श्री रुवी देवी सिंह, वडा सदस्य | सभा सदस्य | |
| ६२ | श्री मुन्नी देवी दास, वडा सदस्य | सभा सदस्य | |
| ६३ | श्री राजीव कुमार राय, वडा सदस्य | सभा सदस्य | |
| ६४ | श्री सैदुल मोमिन, वडा सदस्य | सभा सदस्य | |
| ६५ | श्री जगत कुमारी क्षेत्री, वडा सदस्य | सभा सदस्य | |
| ६६ | श्री संजु देवी पासमान, वडा सदस्य | सभा सदस्य | |
| ६७ | श्री बद्री नारायण मल्लिक, वडा सदस्य | सभा सदस्य | |
| ६८ | श्री विवेकानन्द प्रतिहस्त, वडा सदस्य | सभा सदस्य | |
| ६९ | श्री नितु कुमारी मल्लिक, वडा सदस्य | सभा सदस्य | |
| ७० | श्री मनोज कुमार साह हलुवाई, वडा सदस्य | सभा सदस्य | |
| ७१ | श्री गिता देवी यादव, वडा सदस्य | सभा सदस्य | |
| ७२ | श्री शिला कुमारी देवी, वडा सदस्य | सभा सदस्य | |
| ७३ | श्री लक्ष्मीनीया देवी, वडा सदस्य | सभा सदस्य | |
| ७४ | श्री बलराम प्रसाद गुप्ता, वडा सदस्य | सभा सदस्य | |
| ७५ | श्री लाल बाबु मंडल, वडा सदस्य | सभा सदस्य | |
| ७६ | श्री सुर्यकला कुमारी देवी, वडा सदस्य | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ७७ | श्री रेणु देवी चमार, वडा सदस्य | सभा सदस्य | |
| ७८ | श्री जित नारायण राउत, वडा सदस्य | सभा सदस्य | |
| ७९ | श्री रामचन्द्र यादव, वडा सदस्य | सभा सदस्य | |
| ८० | श्री गिता कुमारी साह, वडा सदस्य | सभा सदस्य | |
| ८१ | श्री जय किशुन कुर्मी, वडा सदस्य | सभा सदस्य | |
| ८२ | श्री विजय कुमार साह, वडा सदस्य | सभा सदस्य | |
| ८३ | श्री गायत्री देवी, वडा सदस्य | सभा सदस्य | |
| ८४ | श्री सुमिन्त्रा कुमारी, वडा सदस्य | सभा सदस्य | |
| ८५ | श्री जिवछ दास, वडा सदस्य | सभा सदस्य | |
| ८६ | श्री रमेश कुमार साह, वडा सदस्य | सभा सदस्य | |
| ८७ | श्री शैल कुमारी देवी , वडा सदस्य | सभा सदस्य | |
| ८८ | श्री शिला देवी दास, वडा सदस्य | सभा सदस्य | |
| ८९ | श्री जोगी साह सुडी, वडा सदस्य | सभा सदस्य | |
| ९० | श्री महादेव चौधरी सुडी, वडा सदस्य | सभा सदस्य | |
| ९१ | श्री लालो देवी, वडा सदस्य | सभा सदस्य | |
| ९२ | श्री शान्ती कुमारी दास, वडा सदस्य | सभा सदस्य | |
| ९३ | श्री जय कु.पंडित, वडा सदस्य | सभा सदस्य | |
| ९४ | श्री फुलगेन मंडल, वडा सदस्य | सभा सदस्य | |
| ९५ | श्री रिणा देवी, वडा सदस्य | सभा सदस्य | |
| ९६ | श्री पवीत्री देवी, वडा सदस्य | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ९७ | श्री मनोज मुखिया विन, वडा सदस्य | सभा सदस्य | |
| ९८ | श्री उपेन्द्र बरही, वडा सदस्य | सभा सदस्य | |
| ९९ | श्री दाना देवी मंडल खत्वे, वडा सदस्य | सभा सदस्य | दाना |
| १०० | श्री मिना देवी, वडा सदस्य | सभा सदस्य | मिनादेवि |
| १०१ | श्री नरेन्द्र कुमार मंडल, वडा सदस्य | सभा सदस्य | |
| १०२ | श्री महेश्वर मुखिया विन, वडा सदस्य | सभा सदस्य | |
| १०३ | श्री प्रतिक्षा कुमारी देवी यादव, वडा सदस्य | सभा सदस्य | |
| १०४ | श्री जगदिल्ला देवी महरा, वडा सदस्य | सभा सदस्य | जगदिल्ला |
| १०५ | श्री जेगेश्वर यादव, वडा सदस्य | सभा सदस्य | |
| १०६ | श्री रामजिवन मंडल, वडा सदस्य | सभा सदस्य | |
| १०७ | श्री सोमनी देवी, वडा सदस्य | सभा सदस्य | सोमनी |
| १०८ | श्री फुलो देवी , वडा सदस्य | सभा सदस्य | |
| १०९ | श्री मोतिकान्त झा, वडा सदस्य | सभा सदस्य | |
| ११० | श्री सनता महतो नोनिया, वडा सदस्य | सभा सदस्य | |
| १११ | श्री सृजना पंडित, वडा सदस्य | सभा सदस्य | सृजना |
| ११२ | श्री मनभोगिया देवी चमारर्नी, वडा सदस्य | सभा सदस्य | |
| ११३ | श्री आशाराम पासमान, वडा सदस्य | सभा सदस्य | |
| ११४ | श्री महेन्द्र महतो, वडा सदस्य | सभा सदस्य | |
| ११५ | श्री पुनम देवी सहनी, वडा सदस्य | सभा सदस्य | |
| ११६ | श्री सम्पत देवी, वडा सदस्य | सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ११७ | श्री संजिव कुमार पाण्डये, वडा सदस्य | सभा सदस्य | |
| ११८ | श्री कुलदिप मुखिया, वडा सदस्य | सभा सदस्य | |
| ११९ | श्री विभा देवी ठाकुर, वडा सदस्य | सभा सदस्य | |
| १२० | श्री सकुन्ती देवी, वडा सदस्य | सभा सदस्य | |
| १२१ | श्री गंगा राम महतो, वडा सदस्य | सभा सदस्य | |
| १२२ | मो.मोहीनुदीन राइन, वडा सदस्य | सभा सदस्य | |
| १२३ | श्री गायत्री देवी, वडा सदस्य | सभा सदस्य | |
| १२४ | श्री शान्ती देवी, वडा सदस्य | सभा सदस्य | |
| १२५ | मो.अमजद हुसैन, वडा सदस्य | सभा सदस्य | |
| १२६ | श्री तेतरी देवी मंडल , वडा सदस्य | सभा सदस्य | |
| १२७ | श्री सुमित्रा देवी, वडा सदस्य | सभा सदस्य | |
| १२८ | मो. अजमद हुसैन, वडा सदस्य | सभा सदस्य | |
| १२९ | श्री रुपेश ठाकुर, वडा सदस्य | सभा सदस्य | |
| १३० | श्री मित्रलाल ढकाल, प्र.प्र.अ. | सचिव | |

**निर्णय नं. १,**

नगर सभाको तेह्रौं अधिवेशनबाट पारित जनकपुरधाम उपमहानगरपालिकाको आ.व. २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायतको अर्धवार्षिक समीक्षा अनुमोदन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. २,**

यस जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको अनुमानित आय रु. २,४१,८९,१६,८९४।०० रहेकोमा हालसम्मको यथार्थ आय रु.९९,४१,२५,४५७।३१ रहेकोमा यथार्थ व्यय रु.४१,००,०७,८०८।७० रहेको छ । साथै नगर सभाको चौधौ अधिवेशनबाट यस पालिकाको आ.व.२०८२/०८३ को संसोधित अनुमानित आय रकम रु. २,४६,८९,१६,८९४।०० तथा अनुमानित व्यय चालुखर्च तर्फ रु.१,३४,२४,१९,६६३।०० तथा पुँजीगत खर्च तर्फ रु.१,१२,६४,९७,२३१।०० गरी जम्मा रु. रु.२,४६,८९,१६,८९४।०० (दुई अर्व छयालीस करोड उनानब्बे लाख सोह्र हजार आठ सय चौरानब्बे रुपैया मात्र) बराबरको वार्षिक बजेट तथा कार्यक्रम (संशोधन सहित) पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

यस जनकपुरधाम उपमहानगरपालिकाको आ.व. २०८२।०८३ को चौधौं हिउदे अधिवेशनबाट संसोधन सहित पारित बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा ७३ को उपदफा १ र २ बमोजिम नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५,**

यस सभामा पेस भएको जनकपुरधाम उपमहानगरपालिकाको विनियोजन ऐन, २०८२ को संसोधन विधेयक २०८२ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

आ.व.२०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रममा वडा र विषयगत शाखा माहाशाखाहरुको सिफारिस अनुसार अनुसूची १ बमोजिमको बजेट तथा कार्यक्रम/योजना संसोधन, थपघट, बजेट शिर्षक तथा सिमा हेरफेर (रकमान्तर) तथा थप आयोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७,**

आ.व. २०८२।०८३ मा जनकपुरधाम उपमहानगरपालिकाको मिति २०८२ श्रावण देखि पौष २४ सम्मका नगर कार्यपालिका बैठकका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८,**

यस जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत रहेका करार तथा ज्यालादारीमा नियुक्त कर्मचारीहरुको कार्यसम्पादनलाई विचार गरी निजहरुको करार म्याद पुनः ६ महिना थप गरी असारमसान्तसम्म कायम गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ९,**

नेपालको संविधानको धारा २२६ एवं स्थानीय सरकार संचालन,२०७४ को दफा १०२(१) मा भएको व्यवस्था अनुसार आवश्यक ऐन/नीतिहरुका मस्यौदा कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत भएका देहायका विधेयक पारित गर्ने निर्णय गरियो ।

जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

**निर्णय नं. १०,**

वडा नं.१३ माथि निर्णय गर्दा वडा नं. १३ अन्तर्गत वडास्तरीय स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न समयमा हुने धार्मिक तथा साँस्कृतिक कार्यक्रम १३ औं नगरसभावाट खर्च संकेत नं. २२५२२ हुनुपर्नेमा खर्च संकेत ३११५१ कायम भई भुक्तानी दायित्व सृजना भई खर्च भई सकेको हुदाँ उपर्युक्त खर्च समर्थन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ११,**

यस नगरपालिका तथा अन्तर्गतको कार्यालय अन्तर्गत रहेका विजुली महशुलहरु गत विगत देखि नै बाकी बक्यौता रहेकोले महशुलमा जरिवाना समेत जोडिआएकोले जरिवाना सहितको विजुली महशुल भुक्तानी गरी अव उपरान्त जरिवाना नलाग्ने गरी पालिकाले तिर्नुपर्ने विधुत मिटरहरुको एकीकृत विवरण तयार गरी जरिवाना नलाग्ने गरी समयमा नै विधुत महशुल भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. १२,**

यस नगरपालिका तथा अन्तर्गतको कार्यालय मार्फत निजी सेवा प्रदायक मार्फत उपलब्ध गराईएको सफटवेयर मार्फत राजश्व संकलनको कार्य हुँदै आईरहेकोले सो सफटवेयरको गत विगत देखि नै नविकरण दस्तुर वापतको रकम बाकी बक्यौता रहेकोले चालु आ व मा नै उपर्युक्त सफटवेयरमा रहेको सम्पूर्ण अभिलेखहरु नेपाल सरकार मार्फत उपलब्ध गराईएको सुत्र प्रणलीमा आवद्ध गर्ने शर्तमा नविकरण वापतको जिओसफ्ट टेक्नोलोजी प्रा.लि.को पुरानो बाकी बक्यौता रकम रु २,३९,५६०।०० भुक्तानी समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३,**

साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुको गत विगत देखि नै विमा वापतको वार्षिक ९६०० का दरले भुक्तानी गर्दै आईरहेकोमा निज कर्मचारीहरुको विमा वापतको रकम विगतमा कुनै कारणवस दाखिला

हुन नसकेको कारण जरिवाना समेत लाग्ने देखिएको हुदाँ आ.व. २०८२।०८३ को असारसम्मको बाकी बक्यौता जरिवाना समेत गरी एकमुष्ठ विमा तथा नविकरण शिर्षकवाट खर्च हुने गरी कर्मचारीहरुको नाम नामेसीको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४,**

मिति २०८२।०५।२३ र २४ गते जेनजीको देशव्यापी आन्दोलनको क्रममा मिति २०८२।०५।२४ गते यस कार्यालयमा भएको आगजानी तथा चोरीबाट पूर्ण रुपमा क्षति भएका मिति २०८२।०५।२६ गते भएको स्थानीय मुचुल्कामा उल्लेखित विवरण अनुसारका सामानहरु मिन्हा गरी लगत कटा गर्ने निर्णय सर्वसम्मत गरियो ।

**निर्णय नं. १५,**

जटिल प्रकृतिका योजनाहरु बाहेक अन्य रु एक करोडसम्मका योजनाहरु उपभोक्ता समितिबाट गर्न सकिने कानूनी व्यवस्था भएपनि चालु आ.व. २०८२।०८३ मा यस जनकपुरधाम उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा परेका वढीमा ५० लाखसम्मका योजनाहरु मात्र उपभोक्ता समितिहरुवाट संचालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १६,**

यस जनकपुरधाम उपमहानगरपालिका भित्र नियमित दैनिक रुपमा सरसफाई कार्य गरिदै आए पनि नगर क्षेत्रभित्र विभिन्न मेला, पर्व, उत्सव, चाडपर्व तथा अन्य विशेष कार्यक्रमहरुमा शहरमा बढी फोहर बन्न जाने हुदा नियमित सरसफाईबाट मात्र कार्य गर्दा शहर सफासुग्घर राख्न नसकिने भएकाले विशेष सरसफाई गर्न प्रत्येक वडामा २/२ लाखका दरले बजेट विनियोजन भएको र नगरस्तरमा समेत बजेट विनियोजन गरिएकोले वडाको वजेट वडास्तरमा निर्णय गराई दैनिक डोर हाजिरमा खटाई सरसफाई गर्ने गराउने र नगरक्षेत्रमा नगरस्तरमा पनि आवश्यक्ता अनुसार उपमहानगरपालिकावाट निर्णय गराई दैनिक डोर हाजिरमा व्यक्तिहरु खटाई विशेष सरसफाई कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १७,**

विशेष सरसफाई कार्यको लागि नगरस्तर तथा वडास्तरका लागि विनियोजन बजेट अनुसार सरसफाई कार्य गरेको वडाको वजेटको हकमा वडावाट दैनिक डोरहाजिरमा खटाईएका व्यक्तिहरुको पारिश्रमिक वडावाट प्रमाणित डोर हाजिर, वडाको सिफारिस, कार्य गर्न गराउन भएको वडा समितिको निर्णय, फोटो, सम्वन्धित व्यक्तिको निवेदन लगायतका कागजातका आधारमा भुक्तानी दिने र नगरस्तरको हकमा कार्यमा खटाउने स्वीकृत टिप्पणी, सम्बन्धित शाखाको सिफारिस, माग निवेदन, कार्य गरेको फोटो लगायतका कागजातका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८,**

यस जनकपुरधाम उपमहानगरपालिका वडा नं. ३ वस्ने सुनिल दासको छोरा आनन्दलाल दास एम.वि.वि.एस. प्रवेश परीक्षामा नाम निकाल्न सफल भएकाले जेहेन्दार विधार्थीको रुपमा निजलाई हौसला

प्रदान गर्न अध्ययन अध्यापन कार्यमा सहयोग पुगोस भनी रु १,५०,०००।०० आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९,**

यस जनकपुरधाम उपमहानगरपालिकाको नगरसभा तथा अन्य कार्यक्रमहरुमा आ.व. ०८०।०८१ मा होटेल भिवानबाट खाना तथा खाजा उपलब्ध भई सो वापतको रकम रु. ४,७७,९९०।०० भुक्तानी गत विगत आर्थिक वर्षमा गर्न नसकिएकाले चालु आ.व. ०८२।०८३ मा वजेट विनियोजन भएकाले सोहि स्वीकृत रकमबाट उक्त होटेलको पुरानो दायित्व रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०,**

यस जनकपुरधाम उपमहानगरपालिकावाट नियमित रुपमा सरसफाईको कार्य गरिदै आएकोमा दशै, तिहार र छठपर्वमा सार्वजनिक विदामा समेत सरसफाई तर्फका तथा अन्य कर्मचारीहरुलाई उक्त विदाका दिनहरुमा समेत सरसफाईको कार्यमा खटाउनुपर्ने भएकाले सोहि अनुसार चालु आ.व. २०८२।०८३ मा दशै तिहार छठपर्वमा कर्मचारीहरु खटेको र विदाको दिनमा खटे वापत प्रति कर्मचारी प्रति दिन रु ६०० का दरले खाना खाजा वापतको रकम भुक्तानी गरिएकोमा सो कार्यलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१,**

यस उपमहानगरपालिका अर्न्तगतका दरवन्दीमा कार्यरत सम्पूर्ण करारसेवाका कर्मचारीहरुलाई मिति २०८२।१०।०१ गते वाट लागु हुने गरी स्थायी कर्मचारी सरह मासिक रु ५००० महगी भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. २२,**

जनकपुरधाम उपमहानगरपालिका वडा नं ९ मा वस्ने सुवाई साहको नाती सोभित साहको छोरा प्रमेश्वर साहले वाटो कायम / प्रमाणिकरणका लागि वडामा दिएको निवेदन तथा वडा नं ९ को वडा कार्यालयको सिफारिस समेतको आधारमा थापा चौक देखि पिडारी चौक जाने वाटो (वडा नं. ९ सिट नं.१३१५-१८ कि.नं. २७९ र सिट नं. १३१५-२३ कि.नं. ३६८को जग्गा निवेदक प्रमेश्वर साह र लालवावु साहको हकभोगको रहे पनि उक्त कित्ताहरु २८९ र ३६८ को दुबै कित्ताको जग्गामा चलन चल्तीको वाटो रहेकाले जग्गाधनीको मन्जुरी तथा वडाको सिफारिस अनुसार उक्त कित्ताहरु २७९ र ३६८ लाई सार्वजनिक वाटो कायम गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २३,**

जनकपुरधाम उपमहानगरपालिकाका वडा नं १ देख २५ सम्मका चलन चल्तीमा रहेका वाटाहरुलाई वडा समितिवाट लगत कटाका लागि मापदण्ड तोकि लेखिआएमा चलन चल्तीमा रहेका र वडावाट सिफारिस भई आएका चलन चल्तीका वाटाहरुलाई सार्वजनिक वाटो कायम गर्ने / लगत कटा गर्ने निर्णय गरियो ।

प्रदान गर्न अध्ययन अध्यापन कार्यमा सहयोग पुगोस भनी रु १,५०,०००।०० आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९,**

यस जनकपुरधाम उपमहानगरपालिकाको नगरसभा तथा अन्य कार्यक्रमहरुमा आ.व. ०८०।०८१ मा होटेल भिवानबाट खाना तथा खाजा उपलब्ध भई सो वापतको रकम रु. ४,७७,९९०।०० भुक्तानी गत विगत आर्थिक वर्षमा गर्न नसकिएकाले चालु आ.व. ०८२।०८३ मा वजेट विनियोजन भएकाले सोहि स्वीकृत रकमबाट उक्त होटेलको पुरानो दायित्व रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०,**

यस जनकपुरधाम उपमहानगरपालिकावाट नियमित रुपमा सरसफाईको कार्य गरिदै आएकोमा दशै, तिहार र छठपर्वमा सार्वजनिक विदामा समेत सरसफाई तर्फका तथा अन्य कर्मचारीहरुलाई उक्त विदाका दिनहरुमा समेत सरसफाईको कार्यमा खटाउनुपर्ने भएकाले सोहि अनुसार चालु आ.व. २०८२।०८३ मा दशै तिहार छठपर्वमा कर्मचारीहरु खटेको र विदाको दिनमा खटे वापत प्रति कर्मचारी प्रति दिन रु ६०० का दरले खाना खाजा वापतको रकम भुक्तानी गरिएकोमा सो कार्यलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१,**

यस उपमहानगरपालिका अर्न्तगतका दरवन्दीमा कार्यरत सम्पूर्ण करारसेवाका कर्मचारीहरुलाई मिति २०८२।१०।०१ गते वाट लागु हुने गरी स्थायी कर्मचारी सरह मासिक रु ५००० महगी भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. २२,**

जनकपुरधाम उपमहानगरपालिका वडा नं ९ मा वस्ने सुवाई साहको नाती सोभित साहको छोरा प्रमेश्वर साहले वाटो कायम / प्रमाणिकरणका लागि वडामा दिएको निवेदन तथा वडा नं ९ को वडा कार्यालयको सिफारिस समेतको आधारमा थापा चौक देखि पिडारी चौक जाने वाटो (वडा नं. ९ सिट नं.१३१५-१८ कि.नं. २७९ र सिट नं. १३१५-२३ कि.नं. ३६८को जग्गा निवेदक प्रमेश्वर साह र लालवावु साहको हकभोगको रहे पनि उक्त कित्ताहरु २८९ र ३६८ को दुबै कित्ताको जग्गामा चलन चल्तीको वाटो रहेकाले जग्गाधनीको मन्जुरी तथा वडाको सिफारिस अनुसार उक्त कित्ताहरु २७९ र ३६८ लाई सार्वजनिक वाटो कायम गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २३,**

जनकपुरधाम उपमहानगरपालिकाका वडा नं १ देख २५ सम्मका चलन चल्तीमा रहेका वाटाहरुलाई वडा समितिवाट लगत कटाका लागि मापदण्ड तोकि लेखिआएमा चलन चल्तीमा रहेका र वडावाट सिफारिस भई आएका चलन चल्तीका वाटाहरुलाई सार्वजनिक वाटो कायम गर्ने / लगत कटा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४,**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. २१ को मिति २०८२।०९।२० को पत्रानुसार उक्त वडामा हाल एउटा मात्र मलखाद डिपो सञ्चालनमा रहेको र उक्त वडा ठूलो रहेकाले एउटा डिपो वाट मलखाद वितरण गर्दा वडावासी कृषकहरुले समयमा आवश्यक मलखाद तथा कृषिजन्य सामग्री प्राप्त गर्न कठिनाई भएकाले वडाको सिफारिस माग वमोजिम जनकपुरधाम वडा नं. २१ कुर्थामा थप एक खाध्य डिपो सञ्चालनका लागि भोला शंकर कृषि सहकारी जनकपुरधाम २१ कुर्थालाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २५,**

यस जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण पञ्जिकरण सम्वन्धि कार्यको अनलाईन ईन्ट्रि गर्न आ.व. २०८१।०८२ मा न्यु संजिव सप्लायर्स जनकपुरधाम १५ सँग सम्झौता भई उक्त सँस्थाले उक्त आ.व. मा कार्य गर्न नसकि चालु आ.व.मा सम्पन्न गर्न म्याद थप निवेदन दिए अनुसार १३ औं नगरसभावाट मिति २०८२ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय भएकोमा सो कार्यको म्याद ०८३ सालको असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६,**

आ.व. २०८१।०८२ मा जनकपुरधाम उपमहानगरपालिका कृषि विधुतीकरण कार्यका लागि नगरस्तर रु. १९,९९,९७७।०० र वडास्तर (वडा नं. १ र ३) रु ११,३१,५७४।१५ गरी कुल रकम रु ३,१३,१५,५१।५१ यस उपमहानगरपालिकामा विधुतीकरण सम्वन्धि कार्यको लागि दक्ष जनशक्तिको अभाव भई सो कार्य गर्न नेपाल विधुत प्राधिकरण, जनकपुर शाखालाई पेश्की रकम उपलब्ध गराईएकोमा नेपाल विधुत प्राधिकरणवाट सो रकम वाट भए गरेका कामको प्रगति हालसम्म प्राप्त हुन नआएकाले प्रगति विवरण माग गर्ने साथै अविलम्व पेश्की फर्छयौट गर्न लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २७,**

चालु आ.वं. २०८२।०८३ मा जनकपुरधाम उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा तपसिलका कार्यका लागि डि.पि.आर. तयार गर्न वजेट विनियोजन भए अनुसार डि.पि.आर. तयार गर्न तपसिलका परामर्शदाता/संस्थाहरुसँग सम्झौता भएको र उक्त परामर्शदाता तथा संस्थाहरुवाट डि.पि.आर. तयार भई पेश हुन आएकाले उक्त डि.पि.आर.हरुको आवश्यक्ता र औचित्य पुष्टि हुने देखिएकाले उल्लेखित कार्यहरुका डि.पि.आर. हरु स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो । साथै तयार भएका डि.पि.आर.निर्माणको उदेश्य र मर्म अनुसार तालमेल भएको देखिएकाले डि.पि.आर. तयार गरेवापतको रकम सम्वन्धित परामर्शदाता/संस्थाहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

| क.सं. | डि.पि.आर. तयार गर्ने योजना वा कार्यको नाम | परामर्शदाता/संस्थाको नाम | सम्झौता रकम | भुक्तानी दिनुपर्ने रकम |
|---|---|---|---|---|
| १ | घण्टाघरको डिपिआर गर्ने कार्य | कृष्णा कन्सल्टेन्सी एण्ड निर्माण सेवा प्रा.लि. | ९,८५,३६०.०० | ९,८५,३६०.०० |
| २ | consulting service for post fire damage assement and preparation of detailed | विभा कन्सट्रक्शन एण्ड कन्सलटेन्ट | ९,८३,१००.०० | ९,८३,१००.०० |

| | | | | |
|---|---|---|---|---|
| | retrofit design of janakprudhan sub mertro politiocan (सेवा र परामर्श खर्च) | | | |
| ३ | नगर भित्र सडक तथा नालाको डिपिआर तयार गर्ने कार्य | साहारा बिल्डर्स ईन्जिनियरिङ्ग एण्ड कन्सलटेन्सी प्रा.लि. | १४,८४,८२०.०० | १४,८४,८२०.०० |
| ४ | वडा नं. १२ मा कोल्ड स्टोरेज निर्माण कार्यको लागि विस्तृत प्रतिवेदन तयारी गर्ने कार्य | सुदर्शन ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि | ९,८४,२३०.०० | ९,८४,२३०.०० |
| ५ | धनुष सागरको विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने | विश्व लक्ष्मी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | १७,४२,४६०।०० | १७,४२,४६०।०० |

## निर्णय नं. २८,

यस जनकपुरधाम उपमहानगरपालिका वडा नं १३ अर्न्तगत चलनचल्तीमा रहेका तपसिलका सडकहरुको चौडाई मापदण्ड जनकपुरधाम उपमहानगरपालिका वडा नं १३ को वडाकार्यालयको मिति २०८२।०९।१५ च.नं. ४३५ को सिफारिस पत्र अनुसार चलनचल्ती अनुसार तपसिल वमोजिम कायम गर्ने गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | सडकको नाम | कायम गरिएको मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १३ अर्न्तगत परिक्रमा वाटो देखि पश्चिम राम एकवाल साहको घरदेखि उत्तर पिपल वोट हुदै दुधमति नदिसम्म | २१ फिट चौडाई कायम | |
| २ | मणिमण्डप देखि उत्तर तपेश्वर राउतको वगैचासम्म | १३ मिटर चौडाई कायम | |

## निर्णय नं. २९,

यस जनकपुरधाम उपमहानगरपालिकाको मिति २०८२।०७।१९ को नगरकार्यपालिकाको बैठकवाट उपमहानगरपालिकाका वडाहरुमा कम्प्युटर अपरेटर पद रिक्त रही अनलाईन नागरिकता सिफारिस लगायतका काममा वाधा पर्न गएकाले २५ वटै वडामा वडाकार्यालयवाटै सहायक चौथो तहको कम्प्युटर अपरेटर दैनिक डोर हाजिरीमा राखी कामकाजमा लगाउने गरी भएको निर्णय अनुमोदन गर्दै वडाहरुको उल्लेखित समस्याहरुको विधमानता हालसम्म पनि देखिएकाले २ महिनाका लागि राखिएका तपसिलका डोर हाजिर कर्मचारीहरुको म्याद अर्को व्यवस्था नहुन्जेलसम्म थप गर्दै जाने ( वढीमा २०८३ असार मसान्तसम्म) निर्णय गरियो ।

| क्र.सं. | सहायक कम्प्युटर अपरेटरको नाम | वार्ड नं. | काम शुरु गरेको मिति |
|---|---|---|---|
| १ | अभिनाश राय यादव | १ | २०८२।०७।२३ |
| २ | सुमित कुमार साह | २ | २०८२।०८।०२ |

| | | | |
|---|---|---|---|
| ३ | कविता शाह | ३ | २०८२।०९।०४ |
| ४ | मनोहर कुमार साह | ४ | २०८२।०९।०३ |
| ५ | आरति कुमारी | ५ | २०८२।१०।०२ (नियुक्त हुने) |
| ६ | डोली गुप्ता | ६ | २०८२।०९।०६ |
| ७ | राखी कुमारी श्रीवास्तव | ७ | २०८२।०९।०१ |
| ८ | प्रिन्स कुमार झा | ८ | २०८२।०७।२० |
| ९ | मनिषा साह | ९ | २०८२।०८।०१ |
| १० | | १० | |
| ११ | सोनाली कुमारी | ११ | २०८२।०८।०३ |
| १२ | कल्पना साह | १२ | २०८२।०८।१० |
| १३ | रुपेश दास | १३ | २०८२।०७।२० |
| १४ | अल्का कुमारी यादव | १४ | २०८२।०७।२० |
| १५ | रोशन महासेठ | १५ | २०८२।०८।०३ |
| १६ | कृष्णा मण्डल | १६ | २०८२।०८।२३ |
| १७ | कृष्णा कुमार यादव | १७ | २०८२।०७।२० |
| १८ | श्याम कुमार राउत | १८ | २०८२।०९।१४ |
| १९ | असलम राईन | १९ | २०८२।०७।२० |
| २० | कलमहुसेन कवारी राईन | २० | २०८२।०८।०२ |
| २१ | गोविन्दा साह | २१ | २०८२।०७।२० |
| २२ | सोनी कुमारी | २२ | २०८२।०७।२१ |
| २३ | संजीव कुमार साह | २३ | २०८२।०८।१६ |
| २४ | रोशन महतो | २४ | २०८२।०७।२० |
| २५ | धिरज कुमार साह | २५ | २०८२।०९।०४ |

**निर्णय नं. ३०,**

यस जनकपुरधाम उपमहानगरपालिकाको वडासमिति लगायत कार्यपालिकाको बैठक भत्ता वापतको रकम गत विगत आ.व. देखि नै भुक्तान हुदै आईरहेकोले चालु आ.व.२०८२।०८३ मा पनि श्रावण देखि हालसम्म प्राप्त भएका बैठक भत्ता वापतको रकम भुक्तानी दिने तथा अब उपरान्त वस्ने वडा समितिहरुका बैठकहरुको बैठक भत्ता वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३१,**

जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा संचालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमको संचालनका लागि गत आर्थिक वर्षमा मित्र धनुषा संस्थासँग सम्झौता गरी उक्त संस्थालाई एकमुष्ठ रकम उपलब्ध गराई सोहि संस्थाका कर्मचारीहरुद्धारा कार्यक्रम संचालन गरिदै आएकोमा चालु आर्थिक वर्ष २०८२।०८३ को श्रावण महिना देखि उक्त संस्थासँगको सम्झौता भंग भईसकेको र कार्यक्रम संचालनका लागि आवश्यक कर्मचारीहरुलाई करारमा नियुक्ति गर्न सम्भव नभएको अवस्थामा गत आर्थिक वर्षमा कार्यरत

कर्मचारीहरुलाई नै दैनिक डोर हाजिर करारमा खटाई कार्यक्रमका कार्यहरु निरन्तर संचालन गर्न यस उपमहानगरपालिकावााट मिति २०८२।०४।०१ को (नगरप्रमुख स्तर) निर्णयवाट मित्र धनुषा सँस्थाका पुर्व सोहि कार्यक्रमका कर्मचारीहरुलाई मिति २०८२।०४।०१ देखि २०८२ पौष मसान्तसम्म दैनिक डोर हाजिरीमा खटाएको कार्यलाई समर्थन गर्दै सेवा प्रवाह अवरुद्ध नहोस भन्ने उदेश्य र सामी तर्फका कर्मचारीहरुको भर्ना व्यवस्थापनका कार्य सम्बन्धित पालिकाकै रहेकोले त्यसरी डोर हाजिरमा खटाईएका कर्मचारीहरु १. बसन्त कुमार कर्ण (रिटर्नि स्वयमसेवक) २.श्रुति शर्मा (एम.आर.सी.सहजकर्ता) ३. उमेश कुमार पासवान (सूचना परामर्शकर्ता) ४. स्वेता मिश्र (वित्तिय साक्षरता सहजकर्ता) ५.वेचन महतो (रिटर्नि स्वयमसेवक) को २०८२ श्रावण देखि ०८२ पौषमसान्त सम्मको डोर हाजिरमा खटी काम गरेको पारिश्रमिक रकम सम्बन्धित सामी कार्यक्रम तर्फको तलवभत्ता वजेट शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२,**

गत आ.व. २०८१।०८२ मा शर्मा एण्ड ब्रदर्शसँग यस कार्यालयको विपद व्यवस्थापन सामग्री खरिद (सप्लाई) सम्बन्धि भएको सम्झौता वमोजिम रु. ५,००,०००।०० विनियोजित वजेटवाट विपद व्यवस्थापन सामग्री खरिद भई गत आ.व.मा भुक्तानी हुन नसकेकाले चालु आ.व.मा सो भुक्तानीको लागि वजेट विनियोजन गरिएकाले विपद सामग्री खरिद वापतको रकम शर्मा एण्ड ब्रदर्शलाई चालु आ.व.मा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३३,**

गत आ.व.२०८१।०८२ मा नेपाल पर्यटन वोर्डको आर्थिक सहकार्यमा यस उपमहानगरपालिका मार्फत टुरिज्म मिट कार्य सम्पन्न भएको र सो कार्य वापतको रकम नेपाल पर्यटन वोर्डवाट निकाशा प्राप्त हुन नसकि कार्यक्रम संचालनको रकम भुक्तानी गर्न वाकी रहेको र चालु आ.व.मा उक्त कार्यक्रमको भुक्तानी बाकीको रकम भुक्तानी प्रयोजनको लागि नेपाल पर्यटन वोर्डवाट निकाशा प्राप्त हुन आएकाले उक्त कार्यक्रमको पुरानो दायित्व भुक्तानी लिन वाकी संस्थाहरुलाई मलेप फारम नं. २२१ मा उल्लेख भए वमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४,**

सभाध्यक्षज्यूको आदेशानुसार चौधौं नगरसभाको वैठक आज मिति २०८२ पौष २५ गते शुक्रवार शौहार्दपूर्ण वातावरणमा सु-सम्पन्न भएकाले सम्पूर्ण सभासदस्यज्यूहरु, कर्मचारी मित्रहरु, सुरक्षाकर्मीज्यूहरु लगायत उपस्थित सवैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## जनकपुरधाम उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, धनुषा

### विनयोजन ऐन

जनकपुरधाम उप महानगरपालिका, धनुषा को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८२/०९/२५

**प्रस्तावना :** जनकपुरधाम उप महानगरपालिका, धनुषा २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम जनकपुरधाम उप महानगरपालिका, धनुषाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जनकपुरधाम उप महानगरपालिका, धनुषाको विनियोजन ऐन, " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/८३को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम २,४६,८९,१६,८९४.०० (अक्षेरुपी रुपैयाँ दुइ अर्ब छयालिस करोड उनान्नब्बे लाख सोह्र हजार आठ सय चौरान्नब्बे मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त जनकपुरधाम उप महानगरपालिका, धनुषाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।